बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

आज मिति २०८०। पौष २९ गतेका दिन बेसीशहर नगरपालिकाका नगर प्रमुख श्री गुमानसिंह अर्यालको अध्यक्षतामा बसेको कार्यपालिकाको ५३(औं) बैठकको उपस्थिती र निर्णय निम्नानुसार छ।

उपस्थिती

| | | |
|---|---|---|
| नगर प्रमुख | | श्री गुमानसिंह अर्याल |
| नगर उप-प्रमुख | | श्री पद्मा गुरुङ |
| प्रमुख प्रशासकीय अधिकृत | | श्री चेतनाथ अर्याल |
| कार्यपालिका सदस्य, | वडा नं.१ | श्री दुर्गा बहादुर कुंवरक्षेत्री |
| ,, ,, | वडा नं २ | श्री मदन बहादुर राना |
| ,, ,, | ,, ३ | श्री चित्र बहादुर दमाई |
| ,, ,, | ,, ४ | श्री राम बहादुर गुरुङ |
| ,, ,, | ,, ५ | श्री इन्द्र बहादुर गुरुङ |
| ,, ,, | ,, ६ | श्री प्रकाश थापा |
| ,, ,, | ,, ७ | श्री ऋषिराम बस्नेत |
| ,, ,, | ,, ८ | श्री पवित्रा थापा राना |
| ,, ,, | ,, ९ | श्री खुशीजंग गुरुङ |
| ,, ,, | ,, १० | श्री गंगा बहादुर थापा |
| ,, ,, | ,, ११ | श्री शिव प्रसाद जोशी |
| ,, ,, | — | श्री हिरालाल विश्वकर्मा |
| ,, ,, | — | श्री कैलाश दुलाल |
| ,, ,, | — | श्री कल्पना थापा बोहरा |
| ,, ,, | — | श्री विमला न्यौपाने अधिकारी |
| ,, ,, | — | श्री सुकमाया कार्की |
| ,, ,, | — | श्री सुनमाया गुरुङ |
| ,, ,, | — | श्री ममिता परियार |

सहजकर्ता कर्मचारी

कार्यक्रम अधिकृत श्री महेन्द्र पोखरेल
सूचना प्रविधि अधिकृत - श्री मुकेश कुंवर

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०९/२९ गतेको बैठक

**बेसीशहर नगर कार्यपालिकाको कार्यालय**
**लमजुङ, गण्डकी प्रदेश, नेपाल**

**नगर कार्यपालिकाको मिति २०८१/०९/२९ गतेको बैठकका प्रस्तावहरु**

१. अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयन समीक्षा सम्बन्धमा।
२. संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) को प्रारम्भिक नतिजा सम्बन्धमा ।
३. वित्तिय सुशासन जोखिम मूल्याङ्कनको प्रारम्भिक नतिजा सम्बन्धमा ।
४. सहभागी छनौट तथा सेवा प्रदायक संस्था सिफारिश समिति गठन सम्बन्धमा ।
५. ग बर्गको अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य विमा सम्बन्धमा ।
६. कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।
७. अख्तियारबाट प्राप्त भएका सुझाव सम्बन्धमा ।
८. वडास्तरीय आयोजना/कार्यक्रम ब्रेकडाउन/संशोधन सम्बन्धमा ।
९. क्रसर प्लान्ट सञ्चालनको म्याद थप सम्बन्धमा ।
१०. राजश्वसंग सम्बन्धित विषयको सम्बन्धमा
११. करदाता पहिचानको लागि सुचना प्रकाशन गर्ने सम्बन्धमा ।
१२. सडक मर्मत सुधार सम्बन्धमा ।
१३. नगरसभाको १६औं अधिवेशनको तयारी सम्बन्धमा ।
१४. नगर शिक्षा योजना निर्माणको बजेट विनियोजन सम्बन्धमा ।
१५. संगठन तथा व्यवस्थापन सर्वेक्षण समिति गठन सम्बन्धमा ।
१६. संस्थागत क्षमता स्वमूल्याङ्कन सुधार समिति गठन सम्बन्धमा ।
१७. विविध
  - जेष्ठ नागरिक मञ्च गठन सम्बन्धमा ।

**बैठकबाट पारित निर्णयहरु**

**निर्णय नं.१: अघिल्लो बैठकका निर्णयहरुको समिक्षा सम्वन्धमा ।**
मिति २०८१/०९/११ गतेको नगर कार्यपालिका बैठकले गरेका निर्णय कार्यान्वयनको प्रगति अवस्थाका बारेमा यस बैठकमा समिक्षा गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०९/२९ गतेको बैठक

**निर्णय नं.२ः संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) को प्रारम्भिक नतिजा सम्बन्धमा ।**

संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (Local Government Institutional Self-Assessment_LISA) कार्यविधि २०७७ वमोजिम यस बेसीशहर नगरपालिकाले आर्थिक वर्ष २०८०/८१ मा सम्पादन गरेका कार्यहरुको समग्र स्थिति, कार्यप्रक्रिया र परिमाणात्मक स्थितिको बारेमा चालु आर्थिक वर्ष २०८१/८२ मा सूचकगत रुपमा मूल्याङ्कन गर्दा प्राप्त भएको देहाय वमोजिमको प्रारम्भिक नतिजा स्वीकृत गरी तोकिएको अवधीभित्रै सार्वजनिक गर्ने निर्णय गरियो ।

*देहाय*

| क्र.सं | सूचकको शिर्षक/विवरण | पूर्णाङ्क | प्राप्ताङ्क | प्राप्त प्रतिशत |
|---|---|---|---|---|
| १. | शासकीय प्रवन्ध | ९ | ८ | ८८.८९ |
| २. | संगठन तथा प्रशासन | ८ | ६.७५ | ८४.३८ |
| ३. | वार्षिक बजेट तथा योजना व्यवस्थापन | ११ | ८.२५ | ७५.०० |
| ४. | वित्तिय एवम् आर्थिक व्यवस्थापन | ११ | ९.२५ | ८४.०९ |
| ५. | सेवा प्रवाह | १६ | १३ | ८१.२५ |
| ६. | न्यायिक कार्य सम्पादन | ७ | ७ | १००.०० |
| ७. | भौतिक पूर्वाधार | १३ | ७.७५ | ५९.६२ |
| ८. | सामाजिक समावेशीकरण | १० | ७.२५ | ७२.५० |
| ९. | वातावरण संरक्षण र विपद् व्यवस्थापन | ९ | ६.७५ | ७५.०० |
| १० | सहकार्य र समन्वय | ६ | ४ | ६६.६७ |
| | **जम्मा** | १०० | ७८ | ७८.०० |
| | **समग्र स्थिति** | २१ | १७.५ | ८३.३३ |
| | **प्रक्रियागत स्थिति** | ३४ | २६ | ७६.४७ |
| | **परिमाणात्मक स्थिति** | ४५ | ३४.५ | ७६.६७ |

**निर्णय नं.३ः वित्तिय सुशासन जोखिम मूल्याङ्कनको प्रारम्भिक नतिजा सम्बन्धमा ।**

संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ले जारी गरेको वित्तिय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि वमोजिम चालु आ.व. २०८१/८२ मा बेसीशहर नगरपालिकाको वित्तिय सुशासन जोखिम मूल्याङ्कन गर्दा प्राप्त भएको अंक ७४.५ अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.४ः सहभागी छनौट तथा सेवा प्रदायक संस्था सिफारिश समिति गठन सम्बन्धमा ।**

चालु आर्थिक वर्ष २०८१/८२ मा युवा सीपमूलक तालिममा सहभागी छनौट गर्ने कार्य र सेवा प्रदायक संस्था/व्यक्ति सिफारिशको लागि देहाय अनुसारको समिति गठन गर्ने निर्णय गरियो ।

देहायः

संयोजकः श्री पद्मा गुरुङ, नगर उपप्रमुख

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०९/२९ गतेको बैठक

सदस्यः श्री चेतनाथ अर्याल, प्रमुख प्रशासकीय अधिकृत

सदस्य सचिवः श्री मेघन्द्र पोखरेल, कार्यक्रम अधिकृत

निर्णय नं.५ः ग बर्गको अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य विमा सम्बन्धमा ।

चालु आर्थिक वर्ष २०८१/८२ मा पनि मध्यम प्रकारको अपाङ्गता (ग वर्ग) भएका व्यक्ति र निजको परिवारलाई (५जना सम्म) नगरपालिकाबाट स्वास्थ्य विमा गराउने प्रयोजनको लागि बजेट विनियोजन भएको हुँदा यसको सम्बन्धमा वडाहरुले आवश्यक कागजात सहित सम्बन्धित व्यक्तिहरुलाई नगरपालिकामा पठाउने र नगरपालिकाको सम्बन्धित कर्मचारीले पेश्की लिई दर्ता सहयोगी मार्फत स्वास्थ्य विमा गराइदिने निर्णय गरियो ।

निर्णय नं.६ः कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।

बेसीशहर नगर कार्यपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयहरुमा अस्थायी र करार सेवामा कार्यरत अनुसूचीमा संलग्न वमोजिमका कर्मचारीहरुको म्याद २०८१ पुस मसान्तमा समाप्त भएको तथा निजहरुको हालसम्मको कार्यसम्पादन सन्तोषजनक रहेकोले म्याद समाप्त भएकै मितिदेखि लागु हुने गरी २०८२ असार मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं.७ः अख्तियारबाट प्राप्त भएका सुझाव सम्बन्धमा ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट चालु आर्थिक वर्ष २०८१/८२ मा प्राप्त सुझाव कार्यान्वयन गर्ने सम्बन्धी परिपत्रमा उल्लेखित विषयहरुको सम्बन्धमा यस कार्यपालिका बैठकमा विस्तृत रुपमा छलफल हुँदा उक्त बुँदाहरुमा उल्लेख भएका विषयहरुलाई गम्भिरतापूर्वक लिई सुझावहरु क्रमशः कार्यान्वयनमा लैजाने साथै सो को जानकारी आयोगमा पठाउने निर्णय गरियो ।

निर्णय नं.८ः वडास्तरीय आयोजना/कार्यक्रम ब्रेकडाउन/संशोधन सम्बन्धमा ।

चालु आ.व. २०८१/८२ का लागि स्वीकृत भएका देहाय वमोजिमका वडास्तरीय आयोजना तथा कार्यक्रमलाई देहाय वमोजिम संशोधन/ब्रेकडाउन गर्ने निर्णय गरियो ।

| साविक योजना/कार्यक्रम | बजेट रु. | संशोधित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| १.फुटकर तथा विविध कार्यक्रम, बेनपा-१ | ४ लाख ७९ हजार ९५५ | १.१ डिल बहादुर राना स्वास्थ्योपचार खर्च, बेनपा-१ | ५ हजार |
| | | १.२ पाचौं मेयरकपमा खेलाडीहरुलाई यातायात सुविधा तथा स्टेशनरी लगायत आवश्यक सामाग्री खरिद, बेनपा-१ | १० हजार |
| | | १.३ उदिपुर बजार क्षेत्रको सडक बत्ति महशुल, बेनपा-१ | १४ हजार ६९१ |
| | | १.४ बालाको घर अगाडिको पहिरो नियन्त्रण, बेनपा-१ | १५ हजार |
| २.वरपानीदेखि भुमेथान सम्मको | ३ लाख | २.वरपानीदेखि भुमेथानसम्मको गोरेटो | ३ लाख |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०९/२९ गतेको बैठक

| साविक योजना/कार्यक्रम | बजेट रु. | संशोधित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| मोटरबाटो स्तरोन्नति, बेनपा-१ | | बाटो निर्माण, बेनपा-१ | |
| ३. शिक्षा सुधार कार्यक्रम, बेनपा-१ | ३ लाख | ३.१जनकल्याण मा.वि. उदिपुर व्यवस्थापन, बेनपा-१<br>३.२ देवीसदन प्रा.वि. नयाँगाउँ कम्पाउण्ड घेराबार एवम् स्तरोन्नति, बेनपा-१<br>३.३ चन्द्रोदय प्रा.वि. ठूलो धिमिरे व्यवस्थापन, बेनपा-१ | १ लाख ५० हजार<br>१ लाख<br>५० हजार |
| ४.गर्भवती पोषण, स्वास्थ्य स्वयंसेविका प्रोत्साहन तथा विविध खर्च, बेनपा-१ | १ लाख ५० हजार | ४. गर्भवती पोषण, स्वास्थ्य स्वयंसेविका, कर्मचारी लगायत अध्ययन अवलोकन भ्रमण तथा विविध खर्च, बेनपा-१ | १ लाख ५० हजार |
| ५.खेलकुँद सम्बन्धी कार्यक्रम, बेनपा-३ | १ लाख | ५.पाचौं मेयरकपमा खेलकुँद सामाग्री खरिद तथा खाना/खाजा व्यवस्थापन खर्च, बेनपा-३ | ७४ हजार ७१० |
| ६.फुटकर तथा विविध कार्यक्रम, बेनपा-३ | ७ लाख ३२ | ६.१प्लाष्टिक कुर्ची खरिद, बेनपा-३<br>६.२ शुभकामना सन्देश प्रसारण<br>६.३ हजार दिनका बालबालिकालाई पोषण कार्यक्रम, बेनपा-३ | २० हजार<br>५ हजार<br>४० हजार |
| ७.विविध कार्यक्रम खर्च, बेनपा-५ | ५ लाख ५७ हजार | ७.१ अन्नपूर्ण खुला फुटवल प्रतियोगिता, बेनपा-५<br>७.२ नयाँदीप मिडिया शुभकामना प्रसारण,<br>७.३ फेवा टेलिभिजन शुभकामना तथा सूचना, बेनपा-५<br>७.४ कर्णाली खोजखबर प्रेस एण्ड मिडिया हाउस<br>७.५ रेडीयो चौतारी शुभकामना प्रसारण<br>७.६ लमजुङ मा.वि. व्यवस्थापन खर्च<br>७.७ अजम्बरी युवा क्लव बाखेजगत फुटवल जर्सी खरिद बेनपा-५ | ६१ हजार ५००<br>५ हजार<br>५ हजार<br>२ हजार<br>५ हजार<br>१५ हजार<br>१० हजार |
| ९.पुरानोगाउँ सामुदायिक भवन मर्मत, बेनपा-५(नगरस्तरीय) | ३ लाख | ९. युरु सामुदायिक भवन निर्माण, बेनपा-५ | ३ लाख |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०९/२९ गतेको बैठक

| साविक योजना/कार्यक्रम | बजेट रु. | संशोधित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| १०.मैगुमदेवी मन्दिर पुनर्निर्माण, बेनपा-७ | १ लाख | १०.मैगुमदेवी मन्दिर बेस निर्माण, बेनपा-७ | १ लाख |
| ११.फुटकर योजना तथा कार्यक्रम, बेनपा-७ | १० लाख ५६ हजार ५७५ | ११.१विद्यार्थीहरुलाई न्यानो कपडा वितरण, बेनपा-७<br>११.२ जन विकास मावि चण्डीडाँडा गमला वितरण, बेनपा-७<br>११.३ अवकाश प्राप्त महिला स्वास्थ्य स्वयंसेविकालाई सम्मान कार्यक्रम( नगरपालिकाबाट नभएको खण्डमा मात्र) | १ लाख ८० हजार<br>२५ हजार<br>४० हजार |
| १२.लौडारी पँधेरो मर्मत तथा गोरटो बाटो मर्मत, बेनपा-११ | १ लाख ५० हजार | १२.माझखेतदेखि कुतालगाउँसम्म गोरेटो बाटो निर्माण, बेनपा-११ | १ लाख ५० हजार |
| १३.फलफूल विरुवा खरिद, बेनपा-११ | ५० हजार | १३.ज्येष्ठ नागरिक प्रेसर जाँच मेसिन खरिद, बेनपा-११ | ५० हजार |
| १४.खेलकुंद सम्बन्धी कार्यक्रम, बेनपा-११ | २ लाख ५० हजार | १४.समाजसेवा युवा क्लव माघी मेला कार्यक्रम सञ्चालन, बेनपा-११ | ९०हजार |
| १५.शिक्षा सुधार कार्यक्रम, बेनपा-११ | ३ लाख ५ हजार | १५.वाल विकास मा.वि. मर्मत तथा च्यानल गेट निर्माण, बेनपा-११ (२०८१/८/१२ को कापा बैठकको नि.नं १२/९.२ संशोधन गरिएको) | १ लाख |
| १६.आनन्दको घरबाट ठुलो ढुङ्गासम्म गोरेटो बाटो निर्माण गैह्रीटोल, बेनपा-९ | ३ लाख | १६.१ दिहीथोक मूल सडकदेखि कालिका मन्दिरसम्म नाला निर्माण, बेनपा-९<br>१६.२ वडा कार्यालय तथा सेफ्टी ट्याङ्की मर्मत, बेनपा-९ | २ लाख ५० हजार<br>५० हजार |
| १७.लक्षित वर्ग तथा विविध कार्यक्रम, बेनपा-९ | ६ लाख १७ हजार ९३१ | १७.स्वयंसेविका सम्मान कार्यक्रम, बेनपा-९ (३ जना) | ३० हजार |

निर्णय नं.९: क्रसर प्लान्ट सञ्चालनको म्याद थप सम्बन्धमा ।

नगर कार्यपालिकाको मिति २०७९/८/२७ गतेको बैठकको निर्णय समेतका आधारमा पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजनाको निर्माण सामाग्रीको उपलब्धताको लागि निर्माण कार्यमा संलग्न निर्माण व्यवसायी श्री कन्टेक प्रा.लि.द्वारा बेनपा-१ रिठ्ठेबगरमा अस्थायीरुपमा स्थापना भई सञ्चालन भएको क्रसर प्लान्टको सम्बन्धमा नगर कार्यपालिकाको मिति २०८१/७/११ गतेको बैठकको निर्णय नं १० वमोजिम कार्यालयको च. नं ८०२ मिति २०८१/८/२८ को पत्रबाट निज फर्मसंग जानकारी

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेसीशहर, लमजुङ गण्डकी प्रदेश, नेपाल २०७३



माग गरिएकोमा नेपाल सरकार,भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभाग, पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना निर्देशनालय, पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना कार्यालय पालुङटार गोर्खाको च.नं २०८ मिति २०८१/९/२४ को पत्रानुसार योजना कार्यालय अन्तर्गत निर्माण कार्य भैरहेको ठेक्का नं MIDHLPD/337011144/2078-79/303 (Widening & Improvement of Pushpalal(Midhill) Highway along Paudidhik-Sundarbazar-Kirinche Road Section,Lamjung) सडक खण्डको लागि आवश्यक निर्माण सामाग्री उत्पादन र प्रशोधनका लागि बेसीशहर नगरपालिका वडा नं १ मर्स्याङ्दी बगरमा स्थापना गरिएको क्रसर प्लान्टको म्याद नविकरण गर्नुपर्ने भनि निर्माण कार्यमा संलग्न निर्माण व्यवसायी श्री कन्टेक प्रा.लि.द्वारा निवेदन पेश गरेको र सो ठेक्काको म्याद मिति २०८१/१२/३१ सम्म रहेकोले ठेक्काको म्याद अवधीसम्म निर्माण सामाग्री प्रशोधन तथा उत्पादन गर्न स्वीकृतिको लागि सिफारिससाथ अनुरोध गरिएको सम्बन्धमा यस कार्यपालिका बैठकमा छलफल हुँदा साविकको शर्त र कानूनको पालना हुने गरी उक्त अस्थायी क्रसर प्लान्टको म्याद २०८१/१२/३१ सम्म थप गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०: राजश्वसंग सम्बन्धित विषयको सम्बन्धमा ।**

राजश्व परामर्श समितिको मिति २०८१/९/२५ गतेको बैठकको निर्णय समेतका आधारमा ढुंगा, गिटी वालुवाको स्टक प्रमाणित र अनुमति सम्बन्धमा देहाय अनुसार गर्ने र अन्य निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**क) ढुंगा विक्री तथा अनुमति सम्बन्धमा**

बेसीशहर नगरपालिकाको निजी जग्गाबाट प्राकृतिक श्रोत साधनको संकलन, उत्खनन् तथा ओसारपसारको लागि इजाजत प्रदान गर्ने कार्यविधि, २०७७ को अधिनमा रही ब्यक्तिको निजी जग्गाबाट निस्कने निर्माण सामाग्री (ढुंगा) संकलन तथा विक्रीको लागि तपसिल बमोजिमका स्थानहरुबाट तपसिल बमोजिमका ब्यक्तिहरुको निवेदन पर्न आएकाले यस कार्यालयको प्राविधिक तथा अमित समेतको फिल्ड निरीक्षणबाट प्राप्त इष्टिमेट अनुसार आउने परिमाणको लाग्ने राजश्व जम्मा गर्न लगाई विक्रीको लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

| क्र. सं. | ब्यक्ति | वडा नं. | स्थान | घन मिटर | घन फिट | हुन आउने रकम | १३% भ्याट | १.५% आयकर | जम्मा रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | मिनवहादुर हिमाली | ३ | गाउँशहर | १०२.६० | ३६१९.७२ | ३२५७८ | ४२३५ | ४८९ | ३७३०२ |

**ख) आर्मी ब्यारेक पुछारको भागमा भएको ढुंगाको सम्बन्धमा ।**

बेसीशहर नगरपालिका वडा नं. १ उदीपुरस्थित आर्मी ब्यारेक पुछारको भागमा मर्स्याङदी नदीले जम्मा गरेको ढुंगा सोही स्थानमा रहेको वडा नं. ११ तर्फको रिछेवगर बुढीकुवातर्फ जाने सडक छेउमा गएको पहिरो नियन्त्रण तथा वाल निर्माणको लागि मात्र प्रयोग गर्नको लागि नेपाल विघुत प्राधिकरण, मध्यमर्स्याङदी जलविघुत केन्द्रको सम्झौता पत्र सहित तपसिलमा उल्लेखित संस्थाबाट माग निवेदन

गुमान सिंह अर्याल
नगर प्रमुख

आएकाले माग भएअनुसार १८४.८० घनमिटर ढुंगाको लाग्ने राजश्व रकम रु. ५८,६७८।- र सोको लाग्ने कर रकम सहितको सम्पूर्ण रकम जम्मा भएपश्चात मात्र अनुमति प्रदान गर्ने निर्णय गरियो ।

| क्र. सं. | व्यक्ति | स्थान | घन मिटर | घन फिट | हुन आउने रकम | १३% भ्याट | १.५% आयकर | जम्मा रकम |
|---|---|---|---|---|---|---|---|---|
| २ | अंशु इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन, बेसीशहर २, लमजुङ | आर्मीब्यारेक मुनीको ढुंगा | १८४.८० | ६५१९.७४ | ५८,६७७.६९ | ७६२८ | ८८० | ६७१८६ |

**निर्णय नं.११: करदाता पहिचान सम्बन्धी कार्यक्रमको सम्बन्धमा ।**

चालु आ.व.२०८१/८२ मा करदाता पहिचानको लागि बजेट विनियोजन गरिएको हुँदा उक्त कार्यक्रम कार्यान्वयनको लागि कार्यशर्त र लागत इष्टिमेट तयार गरी सेवा प्रदायक संस्था/परामर्शदाता छनौटको निमित्त सूचना प्रकाशन गर्न कार्यलयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१२: सडक मर्मत सुधार सम्बन्धमा ।**

बेसीशहर नगरपालिका वडा नं १० र ११ स्थित बरबोटमा वर्षादको समयमा सडक भत्किएर सवारी साधन र एम्बुलेन्स समेत सञ्चालन गर्न नसकिएको अवस्थामा अम्विका एण्ड रोहित निर्माण सेवा, भिमेश्वर नपा-४ मार्फत गरिएको निर्माण कार्यको लागि रु. २ लाख ७२ हजार सडक पूर्वाधार सम्बन्धी फुटकर कार्यक्रम शिर्षकबाट विनियोजन गरी भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.१३: नगरसभाको १६औं अधिवेशनको तयारी सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको सोह्रौं नगरसभा अधिवेशनको व्यवस्थापकीय तयारीको लागि प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने साथै नगरसभा अधिवेशन लक्षित कार्यपालिका बैठक २०८१/१०/६ गते विहान ८.०० बजे नगरपालिका भवनमा बस्ने निर्णय गरियो ।

**निर्णय नं.१४: नगर शिक्षा योजना निर्माणको बजेट विनियोजन सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको आवधिक नगर शिक्षा योजना निर्माणको लागि बजेट विनियोजन गर्ने सम्बन्धमा छलफल हुँदा यसको लागि आवश्यक पर्ने बजेट शिर्षकगत रुपमा तयार गरी प्रस्तावना पेश गर्न शिक्षा शाखा प्रमुख श्री किसानराज चिलुवाललाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१५: संगठन तथा व्यवस्थापन सर्वेक्षण समिति गठन सम्बन्धमा ।**

बेसीशहर नगर कार्यपालिकाको मौजुदा संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey) प्रतिवेदन २०७८ लाई अद्यावधिक/परिमार्जन गरी अद्यावधिक/नयाँ संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey) प्रतिवेदन तयार गर्न गण्डकी प्रदेश सरकारको २०८०/४/२५ को राजपत्रमा प्रकाशित "स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली २०८०" को नियम २२ समेतका आधारमा देहाय बमोजिमको संगठन तथा व्यवस्थापन सर्वेक्षण समिति गठन गर्ने निर्णय गरियो ।

**देहाय**

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०९/२९ गतेको बैठक

(क) प्रमुख प्रशासकीय अधिकृत श्री चेतनाथ अर्याल-संयोजक
(ख) प्रशासन शाखा प्रमुख श्री शम्भुप्रसाद घिमिरे-सदस्य
(ग) आर्थिक प्रशासन शाखा प्रमुख श्री सृजना पौडेल-सदस्य
(घ) कार्यक्रम अधिकृत श्री मेघेन्द्र पोखरेल-सदस्य सचिव

(यसमा प्रशासन शाखा प्रमुख हाल विदामा रहेकोले तहाँ शाखा प्रमुख नतोकिएसम्म वा अन्यथा व्यवस्था नभएसम्म सो शाखामा कार्यरत वरिष्ठ प्रशासन सहायक पाचौंले सो कार्य गर्ने गरी)

<u>निर्णय नं.१६: नतिजा सुधार समिति गठन सम्बन्धमा ।</u>

संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) र वित्तिय सुशासन जोखिम मूल्याङ्कन (FRA) को सूचकगत नतिजालाई विश्लेषण गरी आगामी दिनमा सुधार गर्न सकिने/गर्नुपर्ने पक्षहरु पहिल्याई नतिजा सुधार कार्ययोजना तयार गर्नको लागि देहाय वमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

<u>देहाय:</u>

संयोजक: श्री चेतनाथ अर्याल प्रमुख प्रशासकीय अधिकृत
सदस्य: श्री मदन बहादुर राना वडाध्यक्ष/संयोजक सामाजिक विकास समिति
सदस्य: श्री मेघन्द्र पोखरेल, कार्यक्रम अधिकृत
सदस्य: श्री मुकेश कुँवर, सूचना प्रविधि अधिकृत
सदस्य: श्री प्रकाश पौडेल, सव.ईन्जिनियर

यसमा आवश्कतानुसार पदाधिकारी/विज्ञ आमन्त्रित गर्न तथा अन्य कर्मचारी सहभागी गराउन सकिने ।

<u>निर्णय नं.१७: ज्येष्ठ नागरिक मञ्च गठन सम्बन्धमा ।</u>

बेसीशहर नगरपालिकाको ज्येष्ठ नागरिक मञ्च गठन तथा सञ्चालन कार्यविधि २०८० वमोजिम वडास्तरीय ज्येष्ठ नागरिक मञ्च गठन कार्य सम्पन्न नगरी नगरस्तरीय मञ्च गठन गर्न नसकिएको हुँदा गठन गर्न बाँकी रहेका वडाहरुले २०८१ माघ भित्र गठन गरी सो को विवरण नगरपालिकामा पठाई सक्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख